# आर्थिक समृद्धिमा चितवनको पत्रकारिता



**हरिप्रसाद पोखरेल**
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ चितवन

पत्रकारिता सबैको लागि आवश्यक पर्दछ । विना पत्रकारिताको मुलुक कल्पना पनि गर्न सकिन्न । यसैले पछिल्लो समय चितवनको मिडिया उद्योगमा ठुलो लगानी भइ रहेको छ । तर चितवनको आर्थिक उन्नतिमा यहाँको मिडियाले एक उद्योगको हैसियतमा गरेको योगदानको मूल्याङ्कन भने भइ सकेको छैन । स्थानीय पत्रकारिता मार्फत स्वयम् स्थानीय समुदायलाई दिनु पर्ने स्थान अझ बढ्न सक्यो भने समृद्ध पत्रकारितासँगै समृद्ध चितवनको परिकल्पना साकार हुन्छ । यसका लागि चितवनको व्यावसायिक, सामाजिक, सांस्कृतिक, राजनीतिक र सरकारी क्षेत्रले पनि हरेक क्षेत्रमा यहाँको पत्रकारितासँग हातेमालो गर्न जरूरी देखिन्छ । उद्योगी, व्यवसायी र विकास प्रेमीका आवाज जनता र सरकार समक्ष पुऱ्याउने काम पनि पत्रकारिताको नै हो । समृद्ध चितवन बनाउनका लागि पत्रकारिता पुल बन्न सक्छ । नेपाल पत्रकार महासङ्घ, चितवन शाखाले पनि तीन वटा उद्देश्यका साथ आफ्नो अभियान प्राप्तिमा लागेको छ । त्यो हो, चितवनमा रहेका सञ्चारकर्मीहरूको क्षमता अभिवृद्धि, स्थानीय मिडियाको स्तरोन्नति र स्वयम् पत्रकार महासङ्घकै संस्थागत विकास । चितवनमा राष्ट्रिय औद्योगिक प्रदर्शनी भइ रहँदा पत्रकारितालाई यस क्षेत्रसँग जोड्न सकियो भने पत्रकारितासँगै उद्योगी व्यवसायीको आर्थिक समृद्धि पनि सम्भव छ ।

## समृद्ध चितवन

चितवनमा धेरै उद्यम, कृषिकर्म र व्यापार व्यवसाय चलाएका व्यक्तिहरूको भनाइलाई आधार मान्ने हो भने चितवनलाई हेर्ने दृष्टिकोण भिन्नै खालको छ । अन्य क्षेत्रबाट बसाइँ सरेर आएकाको सङ्ख्या र उपस्थितिले मात्रै होइन, चितवनलाई समृद्ध बनाउने विविध कारणले पनि देशको ७६औं जिल्लाको रूपमा चितवन परिचित छ । पछिल्लो समय शिक्षा, स्वास्थ्य, कृषि र पर्यटनको **'व्यवसायिक हब'** बन्दै छ, चितवन । यहाँका उद्योगी व्यवसायीले पनि यही हबमार्फत व्यवसायीलाई पछ्याउँदै चितवनमा लगानी भित्र्याउन जोड गरि रहेका छन् । यहाँ हुने महोत्सव अनि स्थानीय निकायको जोड र चाहना पनि चितवन समृद्ध होस् भन्ने छ ।

यहाँका जनताको ऊर्जा, उद्यमशीलता, जाँगर र आत्मबलले धेरैपछि सिर्जना भएको जिल्ला भएर पनि चितवन विकासको दृष्टिकोणले अग्रणी जिल्लामा गनिन्छ । यो चितवनका जनताको लागि खुशीको कुरा हो । चितवनको समुन्नति र आर्थिक उन्नतिलाई यसै गरी अगाडि बढाउन सकेको खण्डमा अझ यसले समृद्धिको थप रेखा कोर्ने विश्वास गर्न सकिन्छ । यसैले समृद्ध चितवन निर्माणको यात्रामा लम्केको पाइला अब रोकिनु हुँदैन किनभने चितवन समृद्ध बन्न सक्यो भने नेपाल समृद्ध बन्न सक्छ ।

चितवनमा हुने मेला महोत्सवको उद्देश्य समग्र चितवनको आर्थिक विकासमा केन्द्रित भयो या भएन भन्नेतर्फ समीक्षा गर्नु अहिले आवश्यक छ । पत्रकारिता मार्फत समृद्ध चितवनको चर्चा गरिरहँदा स्थानीय पत्रकारको क्षमता अभिवृद्धि, यहाँका सञ्चार माध्यमको स्तरोन्नति र सञ्चार कर्मीहरूको छाता सङ्गठन नेपाल पत्रकार महासङ्घको संस्थागत विकासका लागि ध्यान दिन सकिएन भने महोत्सवले चाहेको अपेक्षा अधुरै रहन्छ । यसैले अहिलेसम्म भए गरेका मेला महोत्सवबाट शिक्षा लिँदै समग्र चितवनको आर्थिक अवस्थालाई सुदृढ बनाउनतर्फ चितवनको पत्रकारिता क्षेत्रले दिएको टिप्पणी र सुझावप्रति अब अध्ययन गर्नु जरूरी भइ सकेको छ ।

समृद्ध चितवन निर्माणको माध्यम थुप्रै हुँदाहुँदै पत्रकारिता पनि एक हो । स्थानीय पत्रकारिताको विकास हुन सक्यो भने यहाँका जनताले चाहेको **'समृद्ध चितवन'** को परिकल्पना साकार हुन सक्छ । यसैले पत्रकारिता मार्फत चितवनलाई समृद्ध तुल्याउनु स्थानीय सञ्चार

माध्यम, सञ्चारकर्मी र पेसागत संघसंस्थाहरूको दायित्व पनि हो । यसो भनि रहँदा चितवनको पत्रकारिताबारे जान्न र बुझ्न चाहिँ आवश्यक छ ।

**चितवनको पत्रकारिता**

चितवनमा पत्रकारिताको इतिहास हेर्ने हो भने छापा नै पहिलो हो । जिल्ला प्रशासन कार्यालय चितवनको तथ्याङ्कलाई आधार मान्दा 'प्रवाह' चितवनको पहिलो पत्रिका हो । यो पत्रिका २०३९ सालमा दर्ता भएर प्रकाशनमा आएको थियो । अझ २०२२ सालमा दर्ता नभई चितवनबाट 'चितवनको चिनो' नामक पत्रिका समेत निस्केको इतिहास छ । हालसम्म चितवनमा एक सय ६५ पत्रिका दर्ता भइ सकेका छन् । दर्ता गर्ने प्रक्रिया अझै जारी छ । चितवनमा पछिल्लो पटक दर्ता भएको पत्रिका 'न्युजब्रेक डट कम' साप्ताहिक हो । २०७२ भदौ २७ गते सावित्री घिमिरेले सम्पादक/प्रकाशक बनेर दर्ता गरेको यो पत्रिका प्रकाशन भएको चाहिँ पाइएको छैन ।

चितवनमा दर्ता भएका जति सबै पत्रिका अहिले प्रकाशनमा छैनन् । रहर र लहडमा पत्रिका दर्ता गर्ने र केही समय निकालेपछि प्रकाशन नै बन्द गर्ने समस्या चितवनको पत्रकारितामा पनि देखिएको छ । प्रायः आफैँ सम्पादक/प्रकाशक भएका पत्रिकाहरू कि दर्ता भएर प्रकाशन नै नभई बन्द भएका छन् भने कि केही समयको प्रकाशनपछि बन्द भएको पाइन्छ ।

वर्तमान अवस्थामा चितवनबाट पाँच वटा पत्रिकाहरू दैनिकका रूपमा प्रकाशित भइ रहेका छन् । चितवनबाट हाल चितवन पोस्ट, पारदर्शी, कायाकैरन, लोकतन्त्र सन्देश र सञ्चारपत्र नियमित प्रकाशित भएका दैनिक पत्रिका हुन् । कायाकैरन र सञ्चारपत्र सोझै दैनिक प्रकाशनमा आएका पत्रिका हुन् भने अन्य साप्ताहिकबाट दैनिक भएका हुन् । यसअघि चितवनमा प्रकाशन भएर बन्द हुने दैनिक पत्रिकाहरू  दैनिक नारायणी, नेपाल गौरव, वर्गीकृत, हरेक दिन, चितवन, सबैको पत्रिका, हालचाल र एकता सन्देश हुन् । चितवन मिरर र हाम्रो समाचारपत्र दर्ता भएर पनि हालसम्म प्रकाशनमै आएका छैनन् । दैनिक बाहेकका अन्य किसिमका  पत्रिकाहरू दर्ता हुने र बन्द हुने क्रम अझै रोकिएको छैन । हाल चितवनमा १ अर्ध साप्ताहिक, १३ साप्ताहिक पत्रिका, १ द्वैमासिक, ६ त्रैमासिक र १ मासिक पत्रिका नियमित प्रकाशनमा छन् । दर्ताका हिसाबले पत्रिका प्रकाशनको यो सङ्ख्या निकै कम हो ।

पत्रकार आफैँ पत्रिकाको आर्थिक व्यवस्थापनमा संलग्न हुँदा उसको पेसाले निरन्तरता पाउन सक्दो रहेनछ भन्ने अनुभव चितवनको पत्रकारिताले दिएको छ । चितवनको पत्रकारिताको यो समस्यालाई यहाँको निजी र स्थानीय निकायले सङ्गठित समस्याका रूपमा लियो भने एकातिर पत्रकारिता पनि व्यावसायिक हुने छ । अर्कोतिर चितवनमा आवश्यक मानिएको कृषि, स्वास्थ्य, शिक्षा र पर्यटनको विकास पनि सम्भव हुने छ ।

विद्युतीय सञ्चार माध्यमले पनि चितवनमा निकै फड्को मारेको छ । चितवनमा २०५६ सालमा सञ्चालन भएको चित्रवन टेलिभिजन केही समय आंशिक रूपमै प्रसारण भएर पनि बन्द भयो । यहाँका टेलिभिजनहरू स्थानीय केवुलबाट प्रसारण भइ रहेका छन् । जिल्लामा बेसो टिभी, क्रिस्टल, अभियान, नमस्ते, आभास र टिभी कालिका, अर्पण अहिले नियमित प्रसारणमा छन् ।

२०५८ मा चितवनमा सिनर्जी एफएमले आफ्नो प्रसारण थालेपछि अहिले १५ वटा एफएम. नियमित प्रसारणमा छन् । चितवनबाट प्रसारित रेडियोहरूमा कालिका एफएम, हाम्रो एफएम, रेडियो त्रिवेणी, रेडियो चितवन, रेडियो अर्पण, रेडियो नारायणी, रेडियो माडी, सिराइचुली एफएम, ग्रेट एफएम, कालिका ९१, रेडियो ध्रुवतारा, रेडियो सम्पदा, शिवशक्ति एफएम, रिलेसन एफएमले चितवनमा आफ्नो ध्वनि तरङ्ग मार्फत श्रोतालाई सूचना, सङ्गीत र मनोरञ्जन दिइ रहेका छन् । सदरमुकाम भरतपुरको छिमेकी सहर नवलपरासीको गैँडाकोटमा विजय एफएम तनहुँको देवघाटमा देवघाट एफएम समेत सञ्चालन छन् । यी दुई एफएम फरक जिल्लाका भए पनि नारायणी नदीको सिमानाले मात्रै छुट्टिएका हुन् । दुवै एफएमका श्रोता र व्यापार चितवनमा आश्रित छ । साथै काठमाडौँका रेडियोहरूले पनि यहाँ रिले स्टेसन राखेर श्रोता र व्यवसाय दुबै तान्ने प्रयास गरेका छन् । कान्तिपुर एफएम, इमेज एफएम, रेडियो रियाज र रेडियो नेपाल, सेफर्ड रेडियोले रिले स्टेसन राखेर आफ्ना आवाज चितवनसम्म फैलाइ रहेका छन् । कान्तिपुर पब्लिकेसन्सको क्षेत्रीय ब्युरो भरतपुरमै छ । कान्तिपुरका प्रकाशनहरू कान्तिपुर, द काठमाडौँ पोस्ट र साप्ताहिक यहाँबाट पनि प्रकाशित भइ रहेका छन् । यसले २०६० वैशाख ३० बाट भरतपुरबाट

प्रेस राखी छाप्न स्वीकृति लिएको थियो ।

यतिबला चितवनका ३९ जना महिला सहित १९४ जना पत्रकारहरूले सदस्यता पाइ सकेका छन् । सदस्य बन्ने चरणमा पनि सय भन्दा बढी पत्रकार छन् । चितवनमा पत्रकार महासङ्घको उपस्थिति पत्रकार र पत्रकारिता क्षेत्रको संरक्षण र संवर्द्धनमा ओजिलो बन्दै आएको छ । तर यसका व्यवसायिक चुनौती कायमै छन् । पत्रकार महासङ्घ आफ्नै संरचनामा अडिन सक्यो भने यसले चितवनको नागरिक समुदायलाई दिने सेवा अपेक्षाकृत बढी नै हुन्छ । महासङ्घले आफ्नो भवनलाई 'आधुनिक सञ्चार केन्द्र' बनाउने घोषणा गरि सकेको छ । यसलाई चितवनको नागरिक समुदायले आफ्नै सम्पत्तिको रूपमा बहन गर्न सक्नु पर्छ । यसकारण समृद्ध चितवनका लागि चितवनको पत्रकारिता पुल बन्न सक्छ ।

## आर्थिक पत्रकारितामा चितवन

नेपालमा आर्थिक पत्रकारिताको इतिहास लामो छैन । यद्यपि, अहिले यसले ठुलो फड्को मारि सकेको छ । समग्र पत्रकारिता राष्ट्रको चौथो अङ्ग हो । यसबाट आर्थिक पत्रकारितालाई छुट्ट्याउन मिल्दैन । आर्थिक पत्रकारिताले मूलतः मुलुकको आर्थिक समृद्धिमा महत्त्वपूर्ण भूमिका खेल्न सक्छ । एक हिसाबले भन्दा आर्थिक पत्रकारिता मुलुकको विकासको आधार पनि हो तर, नेपालको आर्थिक पत्रकारितामा धेरै सुधार तथा विकास गर्न बाँकी नै छ । खास गरी विकास केन्द्रित पत्रकारिता, गहन रिपोर्टिङ र सकारात्मक सन्देशलाई आत्मसात् गर्न सकिए आर्थिक पत्रकारिताको महत्त्व अझ बढ्छ ।

पत्रकारहरूको छाता संगठन नेपाल पत्रकार महासंघले यतिबेला विभिन्न क्षेत्रमा कलम चलाउने सञ्चार कर्मीहरूको 'बिट' छुट्याइ रहेको सन्दर्भमा कसलाई कुन क्षेत्रमा क्षमता अभिवृद्धि गर्ने भन्ने विषयमा पहिचान गर्न गाह्रो छैन । स्थानीय मिडियाको स्तरोन्नतिका लागि उनीहरूलाई व्यावसायिक प्राथमिकतामा राख्नु जरूरी हुन्छ । चितवनलाई शिक्षा, स्वास्थ्य, कृषि र पर्यटन क्षेत्रमार्फत यसलाई साँच्चै आर्थिक हब बनाउने हो भने यी क्षेत्रहरूमा पत्रकारहरूको क्षमता अभिवृद्धि पनि जरूरी छ । राजनीतिदेखि आर्थिक क्षेत्रसम्म एक्लै समेट्नु पर्दाको परिणामले चितवनको पत्रकारिता पनि 'खिचडी' भइ रहेको छ । यसैले अब 'बिट पत्रकारिता' लाई अगाडि बढाउन सकियो भने पत्रकारितामार्फत अझ भरपर्दा सूचना, स्रोत र तथ्याङ्क समाजमा आउने छन् । अध्ययन, अनुसन्धान र खोजलाई बढी प्राथमिकता दिएर समाचार आउने छन् । दक्ष पत्रकार उत्पादन हुने छन् ।

मुलुकको अर्थतन्त्र अत्यन्तै कठिन अवस्थामा रहेका बेला आर्थिक पत्रकारिताको जिम्मेवारी र कर्तव्य बढेको छ । आर्थिक पत्रकारिताको पहिलो र अनिवार्य सर्त के हो भने यसले मुलुकको आर्थिक विकासको एजेन्डालाई स्थापित गराउन तथा त्यसका लागि जनमत निर्माण गर्न सम्पूर्ण सामर्थ्य लगाउनु पर्छ । वर्तमान आर्थिक सङ्कटबाट अर्थतन्त्रलाई बचाउन आर्थिक क्षेत्रमा क्रियाशील पत्रकार हरूले मिसन पत्रकारिता गर्न आवश्यक छ ।

नेपालको आर्थिक समृद्धि, रोजगारी प्रवर्द्धन, लगानी मैत्री वातावरण, भ्रष्टाचार तथा कालोबजारी नियन्त्रणजस्ता विषयलाई आर्थिक पत्रकारले केन्द्रमा राख्न सके भने समृद्ध चितवन निर्माणमा टेवा पुग्ने छ । कहिलेकाहीँ आर्थिक पत्रकारितामा पनि पीत पत्रकारिताको रोग देखिन्छ । आग्रह पूर्वाग्रह राखेर समाचार सम्प्रेषण गर्ने, तथ्यहीन, कपोल कल्पित र व्यक्तिको राजनीतिक, सामाजिक जीवन समाप्त पार्ने नियतले पनि समाचार प्रकाशित भएको पाइन्छ । आर्थिक पत्रकारिता ज्यादै संवेदनशील विषय भएकाले यस्तो नियतले चौतर्फी रूपमा नकारात्मक असर गर्छ । आर्थिक पत्रकारिता अरूले दिएको सूचना टाँस्ने सूचना पाटी जस्तो हुनु हुँदैन । आफ्नो अनुसन्धान र विश्लेषण चाहिन्छ । कसैले भनेको, बोलेको भरमा मात्रै समाचार लेख्नु हुँदैन । त्यसलाई सही हो कि होइन ? विश्लेषण गर्न' पर्दछ । यो पत्रकारको धर्म र आचारसंहिता पनि हो ।

## औद्योगिक प्रदर्शनीको लक्ष्य

चितवनमा हुने महोत्सव र औद्योगिक प्रदर्शनीले प्रथमतः स्थानीय निकाय र स्थानीय उद्योगी व्यववसायीको साथ लिनु पर्छ । यो नै महोत्सवको गति हो । प्रदर्शनी सकिए पनि यस मार्फत वर्षैभरि गर्न पर्ने धेरै मुद्दाहरू जिल्लामा जीवित हुन्छन् । यसैले यी निकायले पत्रकारिता मार्फत आफ्ना आवाज, दृश्य र विवरण दिन सक्छन् ।

हामीले आफ्नो जिल्लाको सम्भावना या अवसरको प्रवर्द्धनको नाममा विदेशीहरूलाई प्रवर्द्धन गर्न थाल्यौँ भने प्रदर्शनीको गरिमा घट्छ । चितवनको पत्रकारिताले विभिन्न

महोत्सवका आयोजकहरूलाई आ-आफ्ना सञ्चार माध्यमका यस्ता सम्पादकीय टिप्पणी मार्फत सजग गराएको पाइन्छ । स्थानीय अवसरहरूको प्रवर्द्धन गर्ने र जिल्लालाई आर्थिक रूपले सम्पन्न गराउँदै स्थानीय व्यवसायीको आर्थिक स्तर माथि लैजाने उद्देश्यमा अबका महोत्सव सीमित राख्नु पर्छ । चितवनको पत्रकारिताले यो राष्ट्रिय महोत्सवबाट अपेक्षा गरेको कुरा पनि यही हो ।

समृद्ध चितवनको उद्देश्य पुरा गर्न महोत्सव र यसका कार्यक्रम लक्षित हुनु जरूरी छ । 'आउट डेटेड' र विदशी सामान अनि भारतीय संस्कृति बोकेको मेलाले स्टल भरेर मात्रै प्रदर्शनी सफल हुँदैन । त्यसमाथि महँगो टिकट शुल्क तिरेर रेस्टुरेन्ट मात्रै छिरेर फर्कने स्थिति हो भने महोत्सवको नाटक मञ्चन गर्न आवश्यक छैन । रमाइलो गर्न त सहर बजारमा खुलेका डान्स रेस्टुरेन्ट र दोहोरी साँझको आयोजना गर्ने रेस्टुरेन्टहरू समेत छन् । कपडा किन्न त बजारकै फेन्सी पसलहरूमा पनि पाइन्छ । घरायसी सामानहरू हाट बजारमै गएदेखि जति पनि छन् । इलेक्ट्रिक पसलमा गइयो भने विलासिताका सरसामान छानी छानी पाइन्छ । नुनदेखि सुनसम्म पाइने बजार हाम्रै चितवन हो ।

स्थानीय रूपमा हुने महोत्सव त हाम्रो र राम्रो हुनु पर्छ । औद्योगिक प्रदर्शनीभित्र अरूलाई व्यापार गर्न दिने र अरूलाई मात्रै धनी बनाइ दिने हो भने स्थानीयतालाई प्रवर्द्धन गर्न गाह्रो छ । महोत्सवले त सकेसम्म जिल्लाको, नभए देशकै प्रतिनिधित्व हुने खालको व्यवसाय, खेलकुद र कला संस्कृतिको चिनारी दिन सक्नु पर्छ । अहिलेसम्म भएका महोत्सवमा केही अंशमा मात्रै यी कुराहरूको प्रतिनिधित्व गर्न आयोजकहरू सफल देखिए पनि पूर्ण रूपमा भने महोत्सव आयोजकहरू असफल बन्दै आएका छन् ।

औद्योगिक प्रदर्शनी जुन उद्देश्य प्राप्तिका लागि गरिएको छ, त्यसले सार्थकता पाउनु पर्छ भन्नेमा चितवनको पत्रकारिताको दुई मत पटक्कै छैन । यद्यपि यहाँको स्थानीय पत्रकारितालाई उपयोग गर्दै समृद्ध चितवनको निर्माणमा लागियो भने महोत्सव गर्नुको उपादेयता रहन्छ ।

## चितवनबाट नियमित प्रकाशित सञ्चार माध्यमहरू

(स्रोत : १) जिल्ला प्रशासन कार्यालय, चितवन, २) नेपाल पत्रकार महासङ्घ, चितवन ३) सूचना विभाग)

**छापा (दैनिक)**

| क्र.सं. | पत्रिकाको नाम | ठेगाना | सम्पादकको नाम | प्रकाशकको नाम | दर्ता नं. |
|---|---|---|---|---|---|
| १ | पारदर्शी | भरतपुर-४ | जनकराज अर्जेल | जनकराज अर्जेल | ३/५२/५३ |
| २ | चितवन पोस्ट | भरतपुर-४, नारायणगढ | धर्मराज अर्याल | चितवन पोस्ट प्रकाशन प्रा.लि. | १०/५४/५५ |
| ३ | लोकतन्त्र सन्देश | भरतपुर-१०, चितवन | नारायण देवकोटा | सहिद स्मृति प्रकाशन प्रसारण प्रा.लि. | ६३/६२/६३ |
| ४ | कायाकैरन | भरतपुर-१० | दिनेशकुमार थपलिया | दिनेशकुमार थपलिया | ६६/६३/६४ |
| ५ | सञ्चारपत्र | भरतपुर-१० | हरिप्रसाद पोखरेल | हरिप्रसाद पोखरेल | १४०/०६९/०७० |
| ६ | कान्तिपुर | भरतपुर-१२ | सुधिर शर्मा | कान्तिपुर पब्लिकेशन्स प्रा.लि. | ३१/०४९/५० काठमाडौँमा दर्ता |
| ७ | द काठमान्डु पोस्ट | भरतपुर-१२ | अखिलेश उपाध्याय | कान्तिपुर पब्लिकेसन्स प्रा. लि. | ३२/०४८/४९ काठमाडौँमा दर्ता |

छापा (अर्ध साप्ताहिक)

| क्र.सं. | पत्रिकाको नाम | ठेगाना | सम्पादकको नाम | प्रकाशकको नाम | दर्ता नं. |
|---|---|---|---|---|---|
| १ | चितवन खबर | भरतपुर-१२ | इन्दिरा पन्त | हरि कार्की | १२०/६७/६८ |

छापा (साप्ताहिक)

| क्र.सं. | पत्रिकाको नाम | ठेगाना | सम्पादकको नाम | प्रकाशकको नाम | दर्ता नं. |
|---|---|---|---|---|---|
| १ | चितवन | भरतपुर-१० | गोविन्दराज विनोदी | गुणशेखर राजोपाध्याय शर्मा | ६/५३/५४ |
| २ | चुरे सन्देश | भरतपुर-११ | यदुनाथ भट्टराई | सुरेशचन्द्र अधिकारी | २४/५६/५७ |
| ३ | आक्रमण | भरतपुर-१० | महेशकुमार गजुरेल | टीकादत्त तिमिल्सिना | ८७/०६५/६६ |
| ४ | जोस | भरतपुर-१२ | गुणराज लामिछाने | हरिप्रसाद उप्रेती | ९९/६७/६८ |
| ५ | राजधानी आस्था | भरतपुर-१० | सरिताकुमारी नेपाल | नवराज ढकाल | १०६/६७/६८ |
| ६ | अर्थ समाचार | भरतपुर-४ | सुजाता पोखरेल | सुजाता पोखरेल | १२२/६७/६८ |
| ७ | चितवन ज्योति | भरतपुर-११ | कृष्णप्रसाद खनाल | नवीनबाबु मरहट्टा | १३१/६८/६९ |
| ८ | शुभेच्छा सन्देश | भरतपुर-२ | मीनादेवी अधिकारी | शान्ता अधिकारी | १४५/७०/७१ |
| ९ | चित्रवन सन्देश | भरतपुर-९ | शशिधर गैरै शर्मा | शोभाखर कँडेल | १५२/७१/७२ |
| १० | नारायणी सेरोफेरो | भरतपुर-९ | धनकुमारी महतो | सन्तकुमार चौधरी | १५४/७१/७२ |
| ११ | भन्डाफोर अभियान | भरतपुर-९ | शिखरनाथ पौडेल | सूर्य बराल | ९५/०६६/६७ |
| १२ | नमस्ते बिहानी | रनपा-७ | धर्मराज चालिसे | ओम राइजिङ मिडिया एन्ड एडभर्टाइजिङ हाउस | १३६/६९/७० |
| १३ | सम्बोधन मध्य नेपाल | भरतपुर-१० | मोहन स्याङ्वा तामाङ | कृष्णबहादुर थापा मगर | १६०/०७१/७२ |
| १४ | वागेश्वरी | भरतपुर-२१ | ध्रुवराज मिश्र | ध्रुवराज मिश्र/दिनेश लामिछाने | ६६/०६२/६३ बर्दियामा दर्ता |
| १५ | साप्ताहिक | भरतपुर-१२ | सुवास ढकाल | कान्तिपुर पब्लिकेसन्स प्रा. लि. | ९९/०५१/५२ काठमाडौँमा दर्ता |

छापा (पाक्षिक)

| क्र.सं. | पत्रिकाको नाम | ठेगाना | सम्पादक | प्रकाशक | दर्ता नं. |
|---|---|---|---|---|---|
| १ | चितवन टाइम्स | रत्ननगर-१३ | विष्णुबहादुर भट्ट | विष्णुबहादुर भट्ट | ४५/०५९/६० |

छापा (मासिक)

| क्र.सं. | पत्रिकाको नाम | ठेगाना | सम्पादक | प्रकाशक | दर्ता नं. |
|---|---|---|---|---|---|
| १ | नारायणी टुडे | भरतपुर-७ | चूडामणि सापकोटा | वीरेन्द्रमणि पौडेल | २७/०५६/५७ |

छापा (द्वैमासिक)

| क्र.सं. | पत्रिकाको नाम | ठेगाना | सम्पादक | प्रकाशक | दर्ता नं. |
|---|---|---|---|---|---|
| १ | चलानी | भरतपुर-४ | शङ्करप्रसाद अधिकारी | बाबुराम दाहाल | १०८/६७/६८ |

छापा (त्रैमासिक)

| क्र.सं. | पत्रिकाको नाम | ठेगाना | सम्पादक | प्रकाशक | दर्ता नं. |
|---|---|---|---|---|---|
| १ | हाम्रो सिर्जना | भरतपुर-१० | डा. गणेशप्रसाद खराल | डिल्लीराम पोखरेल | |
| २ | प्रकृति प्रवाह | भरतपुर-३ | अनन्तप्रकाश सुवेदी | अनन्तप्रकाश सुवेदी | ११९/०६७/६८ |

| क्र.सं. | पत्रिकाको नाम | ठेगाना | सम्पादक | प्रकाशक | दर्ता नं. |
|---|---|---|---|---|---|
| ३ | पत्रकारिता चितवन | भरतपुर-१० | हरिप्रसाद पोखरेल | नेपाल पत्रकार महासङ्घ, चितवन | १५३/०७१/७२ |
| ४ | पल्लव | भरतपुर-४ | भरतप्रसाद लामिछाने | भरतप्रसाद लामिछाने | ११९/०६३/६४ |
| ५ | ग्रेट मिसन | भरतपुर-९ | शिखरनाथ पौडेल | सूर्य बराल | ९४/०६६/६७ |
| ६ | चरैवेती | भरतपुर-१० | लालबहादुर क्षेत्री | लालबहादुर क्षेत्री, रमेशकुमार श्रेष्ठ, गणेशप्रसाद शर्मा | १०३/०६६/६७ |

## एफएम रेडियो

| क्र.सं. | रेडियोको नाम | ठेगाना | प्रसारण संस्था | समाचार प्रमुख | अध्यक्ष |
|---|---|---|---|---|---|
| १ | कालिका एफएम ९५.२ | भरतपुर-१० | कालिका एफएम प्रा.लि. | राजु सापकोटा | विक्रम पाण्डे |
| २ | हाम्रो एफएम ९४ | भरतपुर ११ | हाम्रो एफएम प्रा.लि. | खेमराज ढकाल | भोजराज कौडेल |
| ३ | रेडियो त्रिवेणी १००.६ | भरतपुर-२ | त्रिवेणी एफएम प्रा.लि. | तीर्थ नेपाल | तेजनारायण खरेल |
| ४ | सिनर्जी एफएम ९१.६ | भरतपुर-१० | सिनर्जी एफएम प्रा.लि. | अमरदेव प्रधान | सहनलाल प्रधान |
| ५ | रेडियो ध्रुवतारा ८९.८ | भरतपुर-१० | आमसञ्चार प्रतिष्ठान नेपाल | | दिनेशकुमार थपलिया |
| ६ | रेडियो चितवन ९४.६ | रत्ननगर-२ | चितवन सामुदायिक सञ्चार स.सं.लि. | | राजेन्द्रकुमार श्रेष्ठ |
| ७ | रेडियो अर्पण १०४.५ | रत्ननगर-२ | अरूण सञ्चार सहकारी संस्था लि. | वेदप्रसाद आचार्य | वेदप्रसाद आचार्य |
| ८ | रेडियो नारायणी १०५.२ | भरतपुर-७ | रेस नेपाल | किरण पौडेल | गोविन्द देवकोटा |
| ९ | रेडियो माडी १०७.६ | माडी-५, वसन्तपुर | डीएमसी, माडी | नेत्रप्रसाद आचार्य | देवअञ्जान शाह |
| १० | सिराइचुली एफएम ९७.३ | जुटपानी १ | सिराइचुली मिडिया प्रा.लि. | गीता घिमिरे | पूर्णबहादुर मगर |
| ११ | कालिका ९१ | भरतपुर-१० | कालिका एफ एम प्रा.लि. | - | विक्रम पाण्डे |
| १२ | ग्रेट एफएम १०६.४ | खैरहनी-८ | कला पाठशाला मिडिया प्रा.लि. | प्रदिप घिमिरे | बालकृष्ण अर्याल |
| १३ | रेडियो सम्पदा ९०.५ | गीतानगर | | | मुना गुरूङ |
| १४ | रेडियो शिवशक्ति | भरतपुर-२४, शिवनगर | शिवशक्ति सामुदायिक संस्था | गोविन्द शर्मा | भीमप्रसाद पोखरेल |
| १५ | रिलेसन एफएम ८८ | रत्ननगर-१ | | | अनिल अधिकारी |

## टेलिभिजन

| क्र.सं. | टेलिभिजनको नाम | ठेगाना | प्रकाशन संस्था | समाचार प्रमुख | अध्यक्ष |
|---|---|---|---|---|---|
| १ | बेसो | भरतपुर-२ | एकता सञ्चार नेपाल प्रा.लि. | भूपेन्द्रराज बस्नेत | ऋषिराज पाण्डे |
| २ | क्रिस्टल | भरतपुर-१० | क्रिस्टल सञ्चार सहकारी संस्था लि. | प्रमिता ढकाल | ऋषिराम पौडेल |
| ३ | आभास | भरतपुर-२ | ग्रिनलाइन मिडिया प्रालि | पवित्रा ढकाल | पवित्रा ढकाल |
| ४ | टिभी कालिका | भरतपुर-१० | टिभी कालिका प्रा.लि. | राजु सापकोटा | विक्रम पाण्डे |
| ५ | नमस्ते | भरतपुर-२ | सोनुसम्राट मिडिया प्रालि | मोहनचन्द्र रूम्बा | सुरज गुरङ |
| ६ | अभियान | भरतपुर-१० | कलश टेलिभिजन प्रा.लि. | वेदप्रसाद आचार्य | सुरेशचन्द्र अधिकारी |